## प्रदेश सार्वजनिक खरिदसम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि, २०७५

प्रस्तावना : प्रदेश तथा अन्तर्गतका सरकारी कार्यालयले सार्वजनिक खरिद गर्ने सम्बन्धमा कानूनी व्यवस्था भई नसकेको र प्रचलित संघीय कानून बमोजिमका व्यवस्थाको कार्यान्वयनबाट यस सम्बन्धी काम गर्न कानून प्रर्याप्त नभएकोले प्रदेश तहका सार्वजनिक खरिद सम्बन्धी कार्यविधिगत विषयमा विशेष व्यवस्था गरी सार्वजनिक निकायको दैनिक कार्य संचालन सहज बनाउन आवश्यक भएकोले प्रदेश ऐन नबनुन्जेलसम्मका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ७४ उपदफा २ बमोजिम प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "प्रदेश सार्वजनिक खरिद सम्बन्धी अन्तरिम कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एक तह माथिको अधिकारी " भन्नाले सरकारी निकाय तर्फ सम्बन्धित सार्वजनिक निकाय भन्दा माथिल्लो निकाय भए सो निकायको प्रमुख र त्यस्तो निकाय नभएमा सम्बन्धित मन्त्रालयको सचिव र सचिवको हकमा सम्बन्धित विभागीय मन्त्री वा राज्यमन्त्री र संवैधानिक अङ्ग वा निकायको सचिव वा प्रशासकीय प्रमुखको हकमा सम्बन्धित संवैधानिक अङ्ग वा निकायको प्रमुख तथा अन्य निकायको हकमा खरिद गर्ने निकाय भन्दा एक तह माथिको निकाय भए त्यस्तो निकायको प्रमुख र त्यस्तो निकाय नभएको हकमा त्यस्तो निकायको सञ्चालक समिति वा त्यस्तै अन्य निकाय समेतलाई सम्झनु पर्दछ ।

(ख) "दातृ पक्ष" भन्नाले द्विपक्षीय वा बहुपक्षीय सम्झौताद्वारा प्रदेश सरकारलाई ऋण वा अनुदानको रुपमा वैदेशिक सहायता उपलब्ध गराउने कुनै विदेशी मुलुक वा

अन्तराष्ट्रिय वा विदेशी सँस्था सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ।

(घ) "विभागीय प्रमुख" भन्नाले प्रदेश सरकार अन्तर्गतको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको दरबन्दी रहेको विभाग वा निर्देशनालयको प्रमुखको रुपमा काम गर्ने पदाधिकारी सम्झनुपर्छ।

(ङ। सचिव" भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको प्रमुख सचिव समेतलाई जनाउँछ।

(च) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनुपर्छ:

(१) प्रदेश सरकारका संवैधानिक अङ्ग, मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी कार्यालय वा निकाय,

(२) प्रदेश कानून बमोजिम गठित प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको प्राधिकरण, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, संस्थान, कम्पनी, निगम, समिति वा यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) प्रदेश सरकारद्वारा सञ्चालित वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, अनुसन्धान केन्द्र वा यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था,

(५) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था।

३. <u>लागत अनुमानको स्वीकृती</u> : (१) सार्वजनिक निकायले निर्माण कार्य, मालसामान खरिद र अन्य सेवा खरिदको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(क) एक करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पाँच करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पाँच करोड रूपैयाँभन्दा बढीको लागत अनुमान विभागीय प्रमुखबाट।

(२) सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ख) पच्चीस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखबाट,

(ग) पच्चीस लाख रूपैयाँ भन्दा बढीको लागत अनुमान विभागीय प्रमुखबाट।

(३) सार्वजनिक निकायको प्रमुख आफूले यस नियम बमोजिम लागत अनुमान स्वीकृत गर्न नमिल्ने भएमा एक तह माथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संवैधानिक अङ्ग वा निकाय, मन्त्रालय, सचिवालय र यस्तै प्रकृतिका अन्य कार्यालयका सचिव वा प्रशासकीय प्रमुखले आफ्नो कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको लागत अनुमान स्वीकृत गर्न सक्नेछ ।

(५) सार्वजनिक निकायले भाडामा लिने घर जग्गाको भाडा निर्धारण गर्न देहाय बमोजिमको घर जग्गा भाडा निर्धारण समिति रहनेछ :

(क) प्रदेश राजधानी रहेको जिल्लास्थित कार्यालयहरुको हकमा :-

(अ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले तोकेको उपसचिव -अध्यक्ष

(आ) भौतिक पूर्वाधार विकास मन्त्रालयले तोकेको उपसचिव स्तरको प्राविधिक -सदस्य

(इ) प्रदेश लेखा नियन्त्रक : -सदस्य

(ई) जिल्ला स्तरीय कार्यालय भए सम्बन्धित कार्यालयको प्रमुख, मन्त्रालय/विभागस्तरको कार्यालय भए महाशाखा/शाखा प्रमुख : -सदस्य

(उ) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले तोकेको अधिकृत : -सदस्य सचिव

(ख) अन्य जिल्लास्थित कार्यालको हकमा :

(अ) प्रमुख जिल्ला अधिकारी, - अध्यक्ष

(आ) जिल्ला समन्वय अधिकारी - सदस्य

(इ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख -सदस्य

(ई) प्रदेश सरकारको सहरी विकास तथा भवन कार्यालयको अधिकृतस्तरको प्राविधिक कर्मचारी वा सो उपलब्ध नभएमा भाडामा लिनुपर्ने स्थानको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको प्राविधिक कर्मचारी -सदस्य

(उ) घर जग्गा भाडामा लिने सार्वजनिक निकायको प्रमुख -सदस्य

(ऊ) प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत -सदस्य सचिव

(६) प्रत्येक जिल्लामा जिल्लाभर वा जिल्लाको कुनै भागमा छुट्टै लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला निर्धारण गर्न देहायका सदस्य रहेको एक दररेट निर्धारण समिति रहनेछ :

(क) प्रमुख जिल्ला अधिकारी, - अध्यक्ष

(ख) जिल्ला समन्वय अधिकारी - सदस्य

(ग) प्रदेश लेखा नियन्त्रक वा प्रमुख कोष तथा लेखा नियन्त्रक वा निजले तोकेको अधिकृत - सदस्य

(घ) प्रतिनिधि, जिल्ला निर्माण व्यवसायी संघ - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ - सदस्य

(च) जिल्ला सदरमुकाम स्थित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको प्राविधिक कर्मचारी - सदस्य

(छ) प्रदेश सरकारको अन्तर्गतको सम्बन्धित जिल्ला हेर्ने पूर्वाधार विकास कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्राविधिक कर्मचारी -सदस्य सचिव

(७) उपदफा (६) बमोजिमको समितिले संघीय कानून बमोजिम गठित दररेट निर्धारण समितिले तोकेको दररेट भन्दा बढी नहुने गरी दररेट निर्धारण गर्नुपर्नेछ ।

४. <u>बोलपत्र स्वीकृत गर्ने अधिकारी</u> : (१) देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :

(क) तीन करोड रुपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख

(ख) सात करोड रुपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुख

(ग) सात करोड रुपैयाँ भन्दा बढीको विभागीय प्रमुख

(२) संवैधानिक अङ्ग, मन्त्रालय, आयोग वा सो सरहको कार्यालयका प्रमुख वा प्रशासकीय प्रमुखले आफ्नो वा अन्तर्गतको कार्यालयका लागि गरिने खरिदको जतिसुकै रकमको बोलपत्र स्वीकृत गर्न सक्नेछ ।

(३) कुनै सार्वजनिक निकायको प्रमुखले उपनियम (१) बमोजिमको बोलपत्र आफैंले स्वीकृत गर्न नमिल्ने भएमा एक तहमाथिको अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ।

५. <u>सोझै खरिदसम्बन्धी व्यवस्था</u> : (१) दफा २ को खण्ड (च) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (१) को खण्ड (ख), (ङ) र (च) बमोजिम मालसामान, परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्दा वा निर्माण कार्य सोझै गराउँदा देहाय बमोजिमको समितिको सिफारिसमा प्रदेश सरकार मन्त्रिपरिषदको स्वीकृती लिई खरिद गर्नुपर्नेछ :

(क) प्रमुख सचिव - संयोजक

(ख) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) सचिव, सम्बन्धित मन्त्रालय - सदस्य

(घ) प्रदेश लेखा नियन्त्रक - सदस्य

(२) दफा (२) को खण्ड (च) को उपखण्ड (१) बमोजिमका निकाय बाहेक अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायबाट निर्णय भएबमोजिम खरिद गर्नुपर्नेछ ।

६. भेरिएशन आदेश : (१) खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई देहाय बमोजिमको अधिकारीले देहाय बमोजिमको भेरिएशन आदेश जारी गर्न सक्नेछ :

(क) पाँच प्रतिशतसम्मको भेरिएशन सम्बन्धित सार्वजनिक निकायको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको प्रमुखले

(ख) पाँच प्रतिशतभन्दा माथि पन्ध्र प्रतिशत सम्मको भेरिएशन विभागीय प्रमुखले

(ग) पन्ध्र प्रतिशतभन्दा माथि पच्चिस प्रतिशत सम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिवले

(घ) पच्चिस प्रतिशतभन्दा माथिको भेरिएशन दफा २ को खण्ड (च) को उपखण्ड (१) बमोजमको सार्वजनिक निकायको हकमा मन्त्रिपरिषदले र सो बाहेकका अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले ।

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम भेरिएशन आदेश जारी गर्दा दफा २ को खण्ड (च) को उपखण्ड (१) बमोजिमको सार्वजनिक निकायको हकमा सम्बन्धित मन्त्रालयले विशेषज्ञहरुको समूह गठन गरी सो समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिस सहित सम्बन्धित मन्त्रालयको प्रस्तावमा प्रदेश मन्त्रिपरिषद्ले र सो बाहेक अन्य सार्वजनिक निकायको हकमा सो निकायको सर्वोच्च कार्यकारी निकायले विशेषज्ञहरुको समूह गठन गरी सो समूहमार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र भेरिएशन आदेश जारी गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि लागत अनुमान स्वीकृत

गर्ने अधिकारी भन्दा तल्लो तहको अधिकारीले भेरिएशन आदेश जारी गर्न सक्ने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि साठी लाख रुपैयाँसम्मको खरिद कार्यको पन्ध्र प्रतिशत भन्दा माथिको भेरिएशन आदेश सम्बन्धित मन्त्रालयको सचिवले जारी गर्न सक्नेछ।

७. सहयोग लिन सक्ने : सार्वजनिक खरिद विवरण तयार भएपछि खरिदको निर्णय गर्ने अधिकारीले यसको गुणस्तर र मूल्यमा आश्वस्त हुन आवश्यक प्रशासकीय तथा प्राविधिक सहयोग लिनका लागि निष्पक्ष विज्ञबाट अध्ययन गराउन सक्नेछ।

८. विभागीय प्रमुखको अधिकार प्रयोग सम्बन्धी व्यवस्था : प्रदेश सरकारका मन्त्रालय अन्तर्गत राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख रहने विभाग वा निर्देशनालय नभएमा मन्त्रालयको सचिवले विभागीय प्रमुखको समेत अधिकार प्रयोग गर्नेछ ।

९. खरिद कार्यको अनुगमन : यस कार्यविधि बमोजिम सार्वजनिक निकायबाट भएको खरिदसम्बन्धी कार्यको अनुगमन गर्ने अधिकार प्रचलित संघीय कानून बमोजिम स्थापना भएको सार्वजनिक खरिद अनुगमन कार्यालयलाई हुनेछ।

१०. बाधा अड्काउ फुकाउन सक्ने : यस कार्यविधि बमोजिम खरिद कार्य गर्दा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश वा निर्देशन जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

११. यसै कार्यविधि बमोजिम हुने : यस कार्यविधिमा उल्लेख गरिएका विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

निमित्त सचिव